# लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) बैठकको निर्णयहरुः-

**संवत् २०८२ साल पुष २० गते आइतबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** केही प्रदेश सचिवहरुको जिम्मेवारी तोक्ने तथा हेरफेर गर्ने।

२. **उद्योग, पर्यटन तथा यातायात मन्त्रालयः** प्राइभेट फर्म दर्ता (पहिलो संशोधन) नियमावली, २०७६ र साझेदारी (पहिलो संशोधन) नियमावली, २०७६ मन्त्रिपरिषद्को प्रशासन तथा विधेयक समितिमा छलफल गरी पुनः मन्त्रिपरिषद्मा पेश गर्ने गरी उक्त समितिमा पठाउने।

३. **वन तथा वातावरण मन्त्रालयः** कपिलवस्तु जिल्लाको शिवराज बसपार्क तथा हाटबजार निर्माण आयोजना स्थानीय तहको प्राथमिकता प्राप्त आयोजना भएको भनी नेपाल सरकार समक्ष अनुरोधका लागि पठाउने।

४. **वन तथा वातावरण मन्त्रालयः** प्रदेश वन ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयक लुम्बिनी प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने विषयका सम्बन्धमा मन्त्रिपरिषद्को प्रशासन तथा विधेयक समितिमा छलफल गरी पुनः मन्त्रिपरिषद्मा पेश गर्नेगरी उक्त समितिमा पठाउने"

५. **वन तथा वातावरण मन्त्रालयः** दर्ता भएका निजी वनबाट साल प्रजातिको रुख (कटान, उपयोग, ओसालपसार, बिक्री वितरण तथा नियमन) व्यवस्थापन सम्बन्धी निर्देशिका, २०८२ मन्त्रिपरिषद्को प्रशासन तथा विधेयक समितिमा छलफल गरी मन्त्रिपरिषद्मा पेश गर्नेगरी उक्त समितिमा पठाउने"